ओखलढुङ्गा जिल्ला अदालत

लिलाम बढाबढको पहिलो सूचना

वादी खिम बहादुर शाहीको जाहेरीले नेपाल सरकार र प्रतिवादी ओखलढुङ्गा जिल्ला साविक सिद्धिचरण नगरपालिका वडा नं. ३ घर भई काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० बस्ने प्रमिस राई भएको (२०७९-FT-००७९) को बैदेशिक रोजगार कसुर मुद्दामा बैदेशिक रोजगार न्यायाधिकरणको मिति २०८०।४।२९ गतेको फैसला बमोजिम वादीले प्रतिवादीबाट भरीपाउने ठहरेको बैदेशिक रोजगार कसुरको बिगो सावाँ रु७,६४,३२५।– (सात लाख चौसठ्ठी हजार तीन सय पच्चीस रुपैंया) रकम प्रतिवादीले वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिला गर्न समेत नल्याएको हुँदा वादीले फैसला अनुसार प्रतिवादीबाट भरी पाउने बैदेशिक रोजगार कसुरको बिगो प्रतिवादीको बाबु रहरमान राई नामको तपसिल बमोजिमको सम्पत्तीबाट भराई पाउँ भनी वादीको निवेदन परी कारबाही भई रहेको अबस्थामा प्रतिवादी बाबु नामको उक्त सम्पत्ती मिति २०८१।५।२७ गते यस अदालतमा पहिलो पटक डाँक लिलाम हुने भएकोले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्न सर्वसाधारण सबैको जानकारीको निमित्त यो सूचना पहिलो पटक प्रकाशित गरिएको छ।

२०८१/५/१४

तहसिलदार

तपसिल

१.यस अदालतको तहसिल शाखामा मिति २०८१।५।२७ गते दिनको ५:०० बजेसम्म डाँक लिलाम हुने भएकोले उपस्थित भई बोलकबोल गर्न सकिनेछ।

२.डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक बिदा परे सोको भोलिपल्ट डाँक लिलाम हुनेछ।

३.कायम भएको न्युनतम पञ्चकृति मूल्याङ्कनबाट डाँक बढाबढ गर्नु पर्नेछ।

४.डाँक लिलामको बखत बोलकबोल गरेको अंकको १०% ले हुन आउने रकम सोही दिन दाखिला गर्नुपर्नेछ। बाँकी बोलकबोल रकम डाँक लिलाम भएको मितिले ७ दिनभित्र दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिला भएको १०% रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशित गरिनेछ।

५.डाँक लिलाम बढाबढ हुँदा सबैभन्दा बढी अंक बोल कबोल गर्नेलाई डाँक सकार गराईनेछ।

६.डाँक लिलाम सम्बन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नुहोला

७.डाँक लिलाम हुने सम्पत्तीको विवरण (ओखलढुङ्गा जिल्लास्थित)

| सि.नं. | घर/जग्गाधनीको नाम थर | जिल्ला | न.पा./गा.पा. | वडा नं. | नक्सा सिट नं. | कि.नं. | जग्गाको क्षेत्रफल | घरको किसिम/चर्चेको क्षेत्रफल | मुल्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | रहरमान राई | ओखलढुंगा | अधेरी | ४ | | ४४५ | १६-११-०-० | पा. चाहार | रु.४५,०००।- |
| २ | रहरमान राई | ओखलढुंगा | अधेरी | ७ | | ४०२ | ३-८-०३ | पा. सिम | रु.६५,०००।- |
| ३ | रहरमान राई | ओखलढुंगा | अधेरी | ७ | | ५२६ | ३-३-१-० | पा. चाहार | रु.४५,०००।- |
| ४ | रहरमान राई | ओखलढुंगा | अधेरी | ७ | | ८५१ | ८-४-०-१ | पा. सिम | रु.६५,०००।- |
| ५ | रहरमान राई | ओखलढुंगा | अधेरी | ९ | | ८ | २-६-०-१ | पा. चाहार | रु.४५,०००।- |

इति संवत २०८१ साल भदौ ४ गते रोज ३ शुभम्.........................................।